# सिमकोट गाँउपाीलका, हुम्ला


## स्थानीय राजपत्र

खण्डः ६ संख्या : १८ मितिः २०७९/१०/०२

## भाग - २


# सिमकोट गाँउपालिकाको सामाजिक समावेशीकरण निति, २०७९

## सिमकोट गाँउपालिका, हुम्ला


कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२५
राजपत्रमा प्रकाशन मिति : २०७९/१०/०२

# सिमकोट गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानले दिशा निर्देश गरेबमोजिम समतामूलक समाजको निर्माणका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका स्पष्ट एकल तथा साफा अधिकार सुचीमा स्पष्ट रुपमा उल्लेख गरिएको तथा यस सन्दर्भमा यी अधिकारहरुलाई कार्य जिम्मेवारीको रुपमा नेपाल सरकारले तयार २०७४ साल ...... मा तयार गरेको कार्य विस्तृतीकरण प्रतिवेदनले समानुपातिक, समावेशी र सहभागीतामुलक सामाज निर्माणका लागि संघ, प्रदेश तथा स्थानीय तहको भूमिकालाई स्पष्ट रुपमा व्याख्या गरिएको छ ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएका समानुपातिक, समावेशी र सहभागीतामुलक सामाज निर्माणका लागि स्थानीय तहहरुबाट सम्पादा गर्नु पर्ने जिम्मेवारी अनुरुप यस गाउँपालिका र यसका सबै क्षेत्रगत विषयहरूमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । यसबाट गाउँपालिका र यस अन्तर्गतका निकायहरूमा सबै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यताअनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका सवालहरूलाई नीतिगत तथा कानुनीरूपमा थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

यस सन्दर्भमा विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ ।सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न गाउँपालिकाको सबै क्षेत्र तथा संरचनाहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्न यसका समग्र क्षेत्रलाई सम्बोधन गर्ने नीतिको आवश्यकता महसूस भएकाले प्रस्तुत 'गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८' तर्जुमा गरी लागू गरिएको छ ।

## २. विगतका व्यवस्था र प्रयासहरू

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू, सामाजिक, आर्थिक वा शैक्षिकरूपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ । यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सो को कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू संस्थागतरूपमा सञ्चालन भएका छन् । विगतदेखि नै सञ्चालित यी कार्यक्रमहरूवाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ। दशौं योजना (२०५९–२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्वन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिईएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्वन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी नीति, २०६६ कार्यान्वयनमा रहेको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार (संचालन) ऐन, २०७४ लगायतका कानूनहरु र नेपाल सरकारवाट लैङ्गिक समानता नीति, २०७७ जारी भई कार्यान्वयनमा आइसकेका छन् ।

पन्ध्रौ योजनामा सामाजिक विषय क्षेत्रअन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ। साथै, उक्त योजनाको अन्तरसम्वन्धित विषय अन्तर्गतको 'समावेशीकरण' विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिसमेत निश्चित गरी कार्यान्वयनमा लैजान जोड दिइएको छ । योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ ।

## ३. वर्तमान स्थिति

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै अन्य आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ ।

नेपालमा वि.सं. २०६८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिला रहेकामा महिलाको साक्षरता दर ६३.५३ प्रतिशत र पुरुषको साक्षरता ८३.१८ प्रतिशत रहेको छ । यस्तै, सम्पत्तिमा महिलाको स्वामित्व २६ प्रतिशत मात्र रहेको छ । नेपालको कुल जनसङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ ।

पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहु आयामिक गरिबी २८.६ प्रतिशत रहेको छ । प्रदेशगत गरिबी प्रतिशत हेर्दा प्रदेश नं १, वागमती र सुदूरपश्चिम प्रदेशको क्रमशः १२.४, १५.३ र ३३.९ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशको गरिबीको रेखामुनि रहेको जनसङ्ख्या प्रतिशतबीच झण्डै तेब्बरको अन्तर रहेको देखिन्छ । मुलुकको मानव विकास सूचकाङ्क ०.५७९ रहेको छ । यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरूबीचको आर्थिक असमानता र गरिबीको सघनता बढी देखिन्छ ।

राष्ट्रिय जनगणना,२०६८ अनुसार यस गाउँपालिकामा जातीगत विविधता रहेको छ । जस अनुसार तामाङ ७६.१२ प्रतिशत, घले १२.४२ प्रतिशत, गुरुङ ७.९ प्रतिशत र कामी ३.५१ प्रतिशत लगायत विभिन्न जातजातीको वासेवास रहेको देखिन्छ । गाउँपालिका भित्र लैङ्गिक अनुपात हेर्दा महिलाको जनसंख्या करिव ५३.३३ प्रतिशत र पुरुष करिव ४६.६७ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकामा महिला जनप्रतिनिधि ३३ जना मध्ये १३ जना रहेको छ जुन समग्रमा ३९ प्रतिशत हुन्छ ।

## ४. समस्या तथा चुनौतीहरू

जनताको सर्वैभन्दा नजिकको राज्य संयन्त्रमा समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्य संयन्त्रमा सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण आवश्यक रहन्छ । सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरणका मार्फत् संस्थागत गरी गाउँपालिकालाई सामाजिक न्याय र सबै समूहका नागरिकको समान पहुँच सुनिश्चित गर्न मुलत देहाय बमोजिमका समस्या तथा चुनौतीहरु रहेका छन ।

### ४.१. समस्याहरू

१. गाउँपालिकाको सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा नहुनु,

२. गाउँपालिकाको स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवम् क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु,

३. सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहनु,

४. पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरूपमा सशक्तीकरण गर्न नसक्नु,

५. गाउँपालिकाको शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु,

६. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरूलाई समावेश गर्न नसकिनु,

७. विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,

८. विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजातिबीच हुने व्यवहारगत विभेद हट्न नसक्नु

### ४.२. चुनौतीहरू

१. सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरूबीच साझा दृष्टिकोण कायम गर्नु,

२. नीति निर्माण र कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय गर्नु,

३. गाउँपालिकाको स्रोत साधन, अवसर र लाभमा पछाडि परेका सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु,

४. पछाडि परेका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र जातजातिमा व्याप्त गरिबी घटाउनु ।

५. विभिन्न समुदाय तथा वर्गवीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु ।

६. गाउँपालिकाको संस्थागत संरचनाहरुमा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु ।

५. नीतिको आवश्यकता

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरूको सामना एवम् समस्याको समाधान गर्न देहायका कारणले सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छः

१. संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको प्रवर्द्धन गर्न,

२. गाउँपालिकाको नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,

३. गाउँपालिकाले तर्जुमा गर्ने नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,

४. गाउँपालिकामा समावेशीकरण सम्वन्धी नीतिगत एकरूपता र सामञ्जस्यता कायम गर्न,

५. समावेशीकरण सम्वन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुऱ्याउन,

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका समावेशीकरण सम्वन्धी प्रतिवद्धता अनुरूपको दायित्व पूरा गर्न,

७. लोकतन्त्रका लाभहरूलाई सवै नागरिकहरूबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

६. दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू निम्नानुसार रहने छन्ः

६.१. दीर्घकालीन सोच

सामाजिक समावेशीरणका माध्यमबाट समतामूलक र समृद्ध गाउँपालिका निर्माण।

६.२. दीर्घकालीन लक्ष्य

सामाजिक समावेशीकरणलाई विकासका सवै अवयवहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै गाउँपालिकाको संस्थागत सुदृढीकरण गर्ने।

## ६.३. उद्देश्य

समाजमा विविध कारणले पछाडि परेका व्यक्ति तथा समुदायको सशक्तीकरण गरी गाउँपालिकाका सबै विषय, क्षेत्र तथा संरचनाहरुमा समन्यायिक पहुँच सुनिश्चित गर्ने ।

७. रणनीतिहरु

७.१. सामाजिक समावेशीकरणको अवधारणालाई गाउँपालिकाको सवै विषय क्षेत्रमा संस्थागत गर्ने ।

७.२. नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित (अभिवृद्धि) गर्ने ।

७.३. पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकासका प्रयास र त्यसबाट प्राप्त हुने लाभमा उनीहरुका लागि न्यायोचित अवसर सुनिश्चित गर्ने।

७.४. गाउँपालिकाबाट उपलब्ध हुने स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

७.५. सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

८. नीति तथा कार्यनीतिहरु

८.१. रणनीति १: सामाजिक समावेशीकरणको अवधारणालाई गाउँपालिकाको सबै विषय क्षेत्रमा संस्थागत गर्ने।

८.१.१. स्थानीय आवश्यकता अनुकूल हुने गरी सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८.१.२. सामाजिक समावेशीकरणको अवधारणा अनुरूप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ ।

८.१.३. मौजूदा कानुनहरूलाई समय सापेक्षरूपमा समावेशीमैत्री बनाउन आवश्यकता अनुरूप पुनरावलोकन गरी परिमार्जन गरिनेछ ।

८.१.४. कानुन तथा कार्यविधिलाई समावेशीमैत्री बनाउन आवश्यक कानुनहरूको तर्जुमा गरी सहजीकरण गरिनेछ ।

८.१.५. समावेशी सम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्वद्ध सरोकारवालाहरूको सहभागीता, परामर्श तथा समन्वयमा गरिनेछ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

८.१.६. आर्थिक, सामाजिक तथा भौगोलिकरूपले पछाडि परेका नागरिकहरूको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानुनहरूमा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

८.१.७. सामाजिक समावेशीकरणलाई संघ र प्रदेश सरकारले अवलम्वन गरेको रणनीति अनुरुप सबै विकास साझेदार र सरोकारवालाहरूको साझा प्रयत्नको रुपमा कार्ययोजना तयार गरी लागु गरिनेछ ।

८.१.८. समावेशीकरणका लागि सरकारी, सहकारी, सामुदायिक, गैह्रसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरिनेछ ।

८.१.९. सबै क्षेत्रगत नीति, आवधिक योजना तथा कार्यक्रमहरू सामाजिक समावेशीकरणको मान्यताअनुरूप तर्जुमा गर्न जोड दिइनेछ ।

८.१.१०. गाउँ तथा बस्तीस्तरदेखि नै स्थानीय समस्याहरू पहिचान गरी लक्षित समूहमार्फत सहभागितामूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई स्थानीयकरण गरिनेछ ।

८.१.११. सबै विकास साझेदार र गैह्रसरकारी संस्था तथा निजी क्षेत्रलाई सामाजिक समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न परिचालन गरिनेछ ।

८.१.१२. सरकारी, सहकारी, गैह्रसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित समावेशीकरण सम्बन्धी अवधारणालाई गाउँपालिकाको वार्षिक तथा आवधिक योजना प्रक्रियामा आवद्ध गरिनेछ।

८.१.१३. समावेशीकरणका लागि विभिन्न निकाय वा सङ्घ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन आवश्यक व्यवस्था गरिनेछ । साथै यी कार्यक्रमहरूको प्रभावकारी अनुगमन गरी पृष्ठपोषण गर्ने कार्यलाई सुनिश्चत गरिनेछ ।

८.१.१४. गाउँपालिकामा सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिनेछ ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

८.१.१५. गाउँपालिका विद्यमान संरचनाहरूमा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरूलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

८.१.१६. गाउँपालिकामा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना संचालन गर्न संघ र प्रदेश सरकारको सहयोग सुनिश्चितताका लागि पहल गरिनेछ ।

८.१.१७. गाउँपालिकामा सामाजिक समावेशीकरण सम्पर्क विन्दु र पदाधिकारी तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरिनेछ ।साथै सम्पर्क विन्दुमार्फत यससम्वन्धी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ ।

८.१.१८. जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिको संरक्षणका लागि भइरहेका संरक्षण गृहहरूको संरक्षण र उपयोग गर्दै आवश्यकतानुसार नयाँ संरचना स्थापना र सञ्चालन गरिनेछ ।

८.१.१९. पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरूको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१.२०. जोखिम तथा पारिवारिक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावकविहीन नागरिकको संरक्षण, पुनःस्थापन तथा क्षमता विकास गर्न विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ ।

८.१.२१. प्रत्येक वडा भित्रका पछाडि परेका नागरिकहरूको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यताबमोजिम सशक्तीकरण गर्न विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँगको समन्वयमा परिलक्ष्यित (Focused) कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१.२२. विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षीय हितका लागि कार्य गर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिनेछ ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

८.१.२३. उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सहकारी तथा गैह्रसरकारी संस्थाहरूलाई समेत परिलक्षित गरिनेछ ।

८.१.२४. आवश्यकतामा आधारित भई समावेशी विकास प्रकृयामा योगदान पुर्याउन विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ । गाउँपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र सामुदायिक तथा गैह्रसरकारी संङ्घ संस्थालाई परिचालन गरिनेछ ।

८.१.२५. पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्वन्धमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८.१.२६. प्रत्येक वडामा रहने टोल विकास संस्थाहरूको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

८.१.२७. उपभोक्ता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरूलगायत क्षेत्रगत कार्यक्रमहरूमा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मकरूपमा पहल गरिनेछ ।

८.१.२८. पछाडि परेका व्यक्तिहरू तथा समुदायलाई लक्षित गरी उनीहरूकै पहलमा समयबद्ध रूपमा आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । साथै लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

८.१.२९. गाउँपालिकामा सामाजिक समावेशीकरणका नीतिहरूको प्रभाव र परिणामका सम्वन्धमा आवधिकरूपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ ।

८.१.३०. प्रत्येक आर्थिक वर्षमा कार्यपालिकाले सामाजिक समावेशीको क्षेत्रमा सम्पन्न गरेको कार्यक्रमको उपादेयताको सम्वन्धमा प्रतिवेदन तयार गरी सभाको जानकारीका लागि पेश गरिनेछ ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

८.२. रणनीति २: नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सीमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

८.२.१. प्रत्येक वडामा मानव विकास सूचकाङ्क, वहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्यावधिक खण्डीकृत तथ्याङ्क राखिनेछ ।

८.२.२. वडागत खण्डीकृत तथ्याङ्कलाई एकीकृत गरी गाउँपालिकाको समग्र एकीकृत तथ्याङ्क डाटावेस तयार गरिनेछ ।

८.२.३. पछाडि परेका व्यक्ति तथा समुदायको आधारभूत खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि वास्तविक समयमा आधारित जीवन्त सूचना प्रणाली (Real Time Basis-On Line ,Information System) को विकास गरी सञ्चालनमा ल्याइनेछ ।

८.२.४. नवीनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याङ्कका आधारमा दोहोरोपना नआउने गरी गाउँपालिकाका सबै वडा र विषय क्षेत्रवाट लक्षित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

८.२.५. सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न गाउँपालिकाका सबै वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ ।

८.२.६. गाउँपालिकामा नविनतम सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्न विकास साझेदार तथा गैहसरकारी संस्थाहरूको सहयोग परिचालन गरिनेछ ।

८.२.७. गाउँपालिका भित्रका आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू लाई गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रममा प्रतिनिधित्व गराइनेछ ।

८.२.८. गाउँपालिकाको क्षेत्राधिकार भित्रका स्थानीय संरचनाहरूमा लक्षित समुदायहरूको अपेक्षित प्रतिनिधित्व गराइनेछ ।

८.२.९. गाउँपालिकामा समानुपातिक समावेशी सिद्धान्तबमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय मौजुदा कानुनहरूमा पुनरावलोकन गरी

भईरहेका कानुन परिमार्जन तथा आवश्यकता अनुरूप नयाँ कानुन तर्जुमा गरिनेछ ।

८.२.१०. गाउँपालिकाको क्षेत्राधिकार भित्रका वडास्तर समेतका विभिन्न कार्यक्रम तथा संरचनाहरुमा मनोनयन, निर्वाचन तथा नियुक्त हुने पदहरूमा लक्षित वर्गको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइनेछ ।

८.२.११. योजना प्रक्रियाका चरणहरू लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कार्यविधिहरूको तर्जुमा गरिनेछ ।

८.२.१२. लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरूको पुनरावलोकन गरी परिमार्जन गरिनेछ । साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरिनेछ ।

८.२.१३. गाउँपालिकाको विकास निर्माण लगायतका कार्यमा गठन गरिने समिति, उपसमिति, समूह वा कार्यदलमा नियुक्त वा मनोनयन गर्दा समानुपातिक समावेशीता कायम गरिनेछ ।

८.२.१४. गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरूपलाई पूँजीको रूपमा स्थापित गरी राष्ट्रिय विकासमा परिचालन गर्न सामाजिक समावेशीकरणलाई उपयोग गरिनेछ ।

८.२.१५. विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२.१६. पछाडि परेका वर्गहरूको आधारभूत तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी सोही अनुरुप कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

८.२.१७. लक्षित वर्गलाई आफ्ना समस्या आफैं पहिचान गरी उपयुक्त समाधानका लागि योजना प्रक्रियाका हरेक चरणमा सहभागी गराइनेछ ।

८.२.१८. लक्षित समुदायहरूलाई योजनाको मूल्याङ्कन लगायत सोबाट सिर्जित लाभ लिन तथा अवसरहरूको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शिता र स्वमूल्याङ्कन विधिको अवलम्बन गरिनेछ ।

८.२.१९. लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरूपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ।

८.२.२०. लक्षित वर्गको सामाजिक सशक्तीकरणका लागि गाउँपालिका क्षेत्र भित्र क्रियाशील गैहसरकारी संस्था, नागरिक समाज र स~चार माध्यमलाई परिचालन गरिनेछ ।

८.२.२१. गाउँपालिकामा आर्थिक तथा सामाजिकरूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी आर्थिक तथा समाजिक विकासका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.२.२२. उपभोक्ता समितिमार्फत निर्माण हुने स्थानीय विकास निर्माणसम्वन्धी क्रियाकलापहरूमा लक्षित समुदायको सहभागितालाई सुनिश्चित गरिनेछ ।

८.२.२३. विकास निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन र लाभ वितरणमा पछाडि परेका लाभग्राही समेतको सहभागितालाई सुनिश्चित गर्न कार्यविधि तथा मापदण्डको पुनरावलोकन, परिमार्जन तथा तर्जुमा गरिनेछ।

८.३. रणनीतिः३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

८.३.१. गाउँपालिकामा उपलब्ध स्रोत साधनमा महिला, आदिवासी जनजाति, दलित, मधेशी, थारु, मुश्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मूख जातिलगायत पिछडिएका वर्गका नागरिकहरूको पहुँच बढाइनेछ ।

८.३.२. विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

८.३.३. आर्थिक सामाजिक तथा राजनैतिक अवसरबाट पछाडि परेका लक्षित वर्गको उपलव्ध साधन सुविधामा समानुपातिक समावेशी पहुँच सुनिश्चत गरिनेछ ।

८.३.४.लक्षित समुदायमा रहेको गरिबी घटाउन, विभिन्न वर्ग र समुदायबीचको आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रको अन्तर कम गर्दै सामाजिक न्याय

सहितको समावेशी विकास हासिल गर्न क्षेत्रगत लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८.३.५. लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरू सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

८.३.६. सीमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.३.७. समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीतिको अन्त्यका लागि आवश्यक स्थानीय कानुनहरूको तर्जुमा र भइरहेका कानुनको पुनरावलोकन तथा परिमार्जन गरिनेछ । साथै कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायहरूको समन्वयात्मक सहयोगमा जोड दिइनेछ ।

८.३.८. समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८.३.९. गाउँपालिकामा सामाजिक आचरण र व्यवहारसम्वन्धी आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

८.३.१०. सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुनहरूको गाउँ वस्ती चेतनामुलक कार्यक्रम गरी कानुनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ।

८.३.११. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, बेठबेगारी प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालय, सामुदायिक विद्यालय र संघसंस्थाहरुलाई सक्रिय गराइनेछ।

८.४. रणनीति ४: गाउँपालिकाबाट उपलब्ध हुने स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने ।

८.४.१. गाउँपालिका भित्रका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.२. गाउँपालिकाको कार्यक्षेत्र भित्र उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन आर्थिक तथा सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

८.४.३. असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जनमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.४. जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनस्थापना, संरक्षण र सशक्तीकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.५. प्रजनन अवस्थाका सेवा सुविधाहरूको सुनिश्चतता गर्न, बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.६. गाउँपालिका भित्रका मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबास तथा जीविकोपार्जनका लागि कृषि योग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनस्थापना गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.४.७. आर्थिक,सामाजिकरूपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिने छ ।

८.४.८. लक्षित वर्गलाई बचत परिचालन कार्यमार्फत आर्थिकरूपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.९. स्थानीयस्तरमा परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ ।

८.४.१०. लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ ।

८.४.११. गाउँपालिकाको आवश्यकता अनुसार आधारभूत तहको विद्यालय शिक्षामा लक्षित वर्गको मातृभाषामा पाठ्यक्रम निर्माण गरी पठनपाठनको व्यवस्था मिलाइनेछ। साथै विद्यालयस्तरको शिक्षामा सामाजिक समावेशीकरणका विषयवस्तुलाई समेत आवश्यकतानुसार समावेश गर्न पहल गरिनेछ ।

८.४.१२. गाउँपालिका क्षेत्र भित्र रहेका गुरुकुल/आश्रम, वेद विद्याश्रम, गोन्पा (गुम्वा), मदरसा लगायतका धार्मिक शैक्षिक संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ।

८.४.१३. स्थानीय लोपोन्मुख भाषा तथा लिपिहरूको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिनेछ ।

८.४.१४. गुठी, संग्रहालय, कला केन्द्र, सांस्कृतिक सम्पदाको जगेर्ना गरी परम्परागत ज्ञान, सीप, कला, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१५. स्थानीय तहमा अल्पसङ्ख्यक लगायत आदिवासी जनजातिको पहिचान गर्दै उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै ती समुदायसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरूलाई सहभागी गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१६. आदिवासी, जनजाति, दलित, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न निकायहरूको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ ।

८.४.१७. आदिवासी जनजाति, दलित, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जातजातिको लोपोन्मुख भाषा एवम् संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक अनुसन्धान, असल अभ्यास तथा सिकाईको अनुसरण एवम् सम्बन्धित वर्गको संलग्नता र त्यसप्रति जागरुकता ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

८.४.१८. स्थानीय भाषा तथा संस्कृतिको संरक्षणका लागि सम्बद्ध गैहसरकारी संस्थाहरूको सहयोगलाई परिचालन गरिनेछ ।

८.४.१९. सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.२०. पिछडिएको क्षेत्र तथा समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता पूर्तिका अवसर तथा लाभका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।साथै विपन्न नागरिकहरूको सकारात्मक विभेद र आरक्षण लगायतका कार्यक्रमको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

८.४.२१. वडा कार्यालयहरूमार्फत् जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ ।

८.४.२२. जोखिम र हिंसामा परेका व्यक्तिहरूलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

८.४.२३. अपाङ्गता, बालबालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ ।

८.४.२४. लैङ्गिक संवेदनशील विषयहरूको पहिचान गरी सो अनुरूप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ ।

८.४.२५. गाउँपालिका क्षेत्रका अति दुर्गम तथा भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न संघ र प्रदेश संग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.२६. लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र सशक्तीकरण गरिनेछ । साथै स्थानीयस्तरमा रहेका पुनर्स्थापन केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण गरिनेछ ।

८.४.२७. अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरूको क्षमता विकास गरिनेछ ।

८.४.२८. पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.२९. सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरू निर्माण गरी उपयोग गरिनेछ ।

८.४.३०. जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी सङ्घ संस्थाहरूलाई समेत परिचालन गरिनेछ ।

८.४.३१. सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा गाउँस्तरमा प्रवोधीकरण गरिनेछ ।

८.४.३२. सबै वडाहरूमा समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरूप लागू गर्न प्रेरित गरिनेछ।

८.४.३३. सामाजिक समावेशीकरणका मामिलाहरूलाई सम्बोधन गर्न सबै वडा कार्यालयहरुको संस्थागत सुदृढीकरण र क्षमता विकास गरिनेछ ।

८.४.३४. सामाजिक समावेशीकरणका विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न वडा कार्यालयहरुको समन्वयमा गैहसरकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ ।

८.५. रणनीति ५: **सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।**

८.५.१. लक्षित कार्यक्रम सञ्चालन गर्न गाउँपालिका सम्बध्द निकाय तथा वडा कार्यालयहरुको संस्थागत सुदृढीकरण गरिनेछ ।

८.५.२. लक्षित कार्यक्रमहरूको सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरूको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरिनेछ।

८.५.३. लक्षित कार्यक्रम सञ्चालन गर्ने निकायहरूको संस्थागत सुदृढीकरणका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरिनेछ ।

८.५.४. लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यकतानुसारका क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

८.५.५. सबै वडाहरुमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिनेछ ।

८.५.६. सामाजिक समावेशीकरणका विषयमा सबै वडाहरुबीच समन्वय कायम गर्दै मामिलाहरूको पहिचान र समस्या समाधानका लागि सहकार्य गरिनेछ ।

८.५.७. सामाजिक समावेशीकरण सम्बद्ध मन्त्रालय, आयोग तथा निकायहरूसँग समन्वय गरी नीति तथा कानून निर्माण तथा कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

८.५.८. गाउँपालिका र वडा कार्यालयहरुवाट भएका असल अभ्यासहरूको पहिचान तथा दस्तावेजीकरण गरी प्रचार प्रसार गरिनेछ ।

८.५.९. सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरूवाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ ।

८.५.१०. गाउँपालिकास्तरमा समावेशीकरणका सम्बन्धमा नेपाल पक्ष भइ अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग भएका अभिसन्धि र द्विपक्षीय तथा वहुपक्षीय प्रतिबद्धताहरूको कार्यान्वयनमा जोड दिइनेछ।

८.५.११. समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरूको आदान प्रदान स्थानीय कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ ।

## ९. नीति कार्यान्वयनका लागि मुख्य क्रियाकलापहरू र जिम्मेवार निकायहरू

सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश तथा गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरु, सहकारी संस्था, गैहसरकारी संस्था, सामुदायिक संस्था एवम् नागरिक समाजबीच सहकार्य, साझेदारी र समन्वय गरी सम्बन्धित सरोकारवालाहरूलाई सामाजिक समावेशीकरणप्रति उत्तरदायी बनाउन देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

| क्र.सं. | कियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| १. | सरोकारवालाहरूलाई नीतिको अभिमुखीकरण गर्ने । | सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा र सबै वडा कार्यालयहरु । | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बद्ध सङ्घीय तथा प्रादेशिक निकायहरु, जिल्ला समन्वय समिति, जिल्ला समन्वय समिति एवम् गाउँपालिका सम्बद्ध महासंघ। | वार्षिक प्रगति प्रतिवेदन । कार्यक्रम सम्पन्न प्रतिवेदन। |
| २. | नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्न संस्थागत क्षमता विकास गर्ने । | गाउँपालिका तथा सम्वध्द शाखा एवम् वडा कार्यालयहरु । | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्वध्द संघीय तथा प्रादेशिक निकायहरु । सम्बध्द वडा कार्यालयहरु । जिल्ला समन्वय समिति, जिल्ला समन्वय समिति एवम् गाउँपालिका सम्बद्ध महासंघहरू। गैरसरकारी संघ संस्था । | तालिम प्रतिवेदन तथा वार्षिक प्रगति प्रतिवेदन । |
| ३. | लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने । | गाउँपालिका सम्वध्द शाखा तथा वडा कार्यालयहरु । | राष्ट्रिय योजना आयोग, प्रादेशिक नीति तथा योजना आयोग ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।गैरसरकारी संघ संस्थाहरु ।सम्वध्द शाखा तथा वडा कार्यालय । | वार्षिक योजना र प्रगति प्रतिवेदन । |
| ४. | मौजुदा नीतिहरू सामाजिक समावेशीकरणको मान्यता अनुरुप भए नभएको पुनरावलोकन गर्ने। | गाउँपालिका सम्बध्द शाखा तथा वडा कार्यालयहरु । | सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा । | अध्ययन प्रतिवेदन । |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| ५. | नीतिको प्रत्येक पाँच वर्षको अन्तरालमा प्रभाव मूल्यांकन गर्ने । | गाउँपालिका | वडा कार्यालयहरु तथा अन्य विषयगत सरकारी कार्यालयहरु, कार्यरत गैसस | अध्ययन प्रतिवेदन। |
| ६. | सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू कार्यन्वयन गर्न आवश्यक कार्य ढाँचा तयार गर्ने । | गाउँपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बध्द सङ्घीय तथा प्रादेशिक निकायहरु, सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा । | कानून, नीति,कार्यविधि तथा मार्गदर्शन । |
| ७. | सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरु तयार गरी सूचकहरू हासिल गर्ने मध्ये उत्कृष्ट परिणाम प्राप्त गर्ने वडा कार्यालयलाई पुरस्कृत गर्ने। | गाउँपालिका | सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा । | प्रगति प्रतिवेदन। |
| ८ | प्रत्येक वडा कार्यालयले आफ्नो सीमाना भित्रको भौगोलिक अवस्थितिका तथ्याङ्क लगायत आर्थिक र सामाजिकरूपले पिछडिएको समुदायसँग सम्बन्धित खण्डीकृत तथ्यांक अध्यावधिक | वडा कार्यालयहरु । | गाउँपालिका | बस्तुगत विवरण (Profile), वेव साईट। |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| | गर्ने । | | | |
| ९ | उपलव्ध खण्डीकृत तथ्याङ्कको आधारमा वडागत सामाजिक समावेशी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने । | वडा कार्यालयहरु । | गाउँपालिकाका सम्बध्द शाखाहरु । | वार्षिक योजना पुस्तिका । |
| १० | सामाजिक समावेशीकरण सम्वन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका | सङ्घीय विषयगत मन्त्रालय, प्रदेश विषयगत मन्त्रालय । वडा कार्यालयहरु, गैह्र सरकारी संघसंस्थाहरु । | विशेष कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, वार्षिक योजना, प्रतिवेदन । |
| ११ | स्थानीय राजनीतिक दलका प्रतिनिधि, शिक्षक, कर्मचारी सामाजिक अभियन्ता लगायतलाई सामाजिक समावेशीकरण सम्वन्धी अभिमुखीकरण गर्ने । | गाउँपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्वध्द सङ्घीय तथा प्रादेशिक निकायहरु, सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा । | अभिमुखीकरण /तालिम प्रतिवेदन । |
| १२ | सबै प्रकारका क्षमता विकास सम्वन्धी कार्यक्रमलाई समावेशीकरणका मान्यता अनुरुप बनाउन तालिम प्याकेज तयार गर्ने । | गाउँपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, LDTA, PCGG, DCC | क्षमता विकास कार्यक्रमका मोड्युल । |
| १३ | गाउँपालिकाको योजना तर्जुमा, कार्यान्वयन, | गाउँपालिका | सामाजिक विकास शाखा, महिला तथा बालबालिका | दिग्दर्शन । निर्णय |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| | अनुगमन, मूल्यांकन तथा जवाफदेहिता सम्बन्धी संयन्त्रलाई समावेशी बनाउने । | | शाखा लगायत सम्बद्ध शाखाहरु । | पुस्तिका । |
| १४ | गैहसरकारी संघसंस्था, सामुदायिक संस्था, सहकारी तथा निजी क्षेत्रलाई सामाजिक समावेशीकरण उत्तरदायी योजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्न निर्देशन र सहजीकरण गर्ने । | गाउँपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बध्द सङ्घीय तथा प्रादेशिक निकायहरु। सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा । | सम्बन्धित क्षेत्र परिचालन सम्बन्धी कार्यविधि र दिग्दर्शन । |
| १५ | सबै प्रकारका हिंसा, विभेद, कुरीति, कुप्रथा विरुद्ध कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बध्द सङ्घीय तथा प्रादेशिक निकायहरु । | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन। |
| १६ | गाउँपालिकाले आवश्यकता अनुसार विषय क्षेत्रगत समावेशीकरण रणनीतिहरू परिमार्जन तथा तर्जुमा गर्ने । | गाउँपालिका | राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय । | क्षेत्रगत सामाजिक समावेशीकरण रणनीति, वार्षिक कार्यक्रम तथा प्रगति प्रतिवेदन । |

| क.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| १७ | विस्तृत कार्यान्वयन कार्ययोजना (उपलब्धि मापन सूचक समेतको) तर्जुमा गरी नीतिका मुख्य क्रियाकलाप कार्यान्वयन गर्ने । | गाउँपालिका | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय । | विस्तृत कार्यान्वयन कार्ययोजना । |

## १०. संस्थागत व्यवस्था

१०.१. यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारीरुपमा कार्यान्वयन गर्न देहाय अनुसारको सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा अनुगमन समिति रहनेछ ।

१. गाउँपालिका अध्यक्षको - संयोजक

२. उपाध्यक्ष - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. सामाजिक विकास समितिका संयोजक - सदस्य

५. सामुदायिक संङ्घ संस्थाहरुमध्येबाट संयोजकले तोकेका कम्तिमा दुई जना महिला सहित पाँच जना - सदस्य

६. सामाजिक विकास शाखाका प्रमुख - सदस्य सचिव

१०.२. सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाको निर्णय बाट तोकिए बमोजिम हुनेछ ।

१०.३. समितिले आवश्यकता अनुसार नीति कार्यान्वयन तथा अनुगमन उपसमिति लगायतका अन्य उपसमितिहरू गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

## ११. नीतिको मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ । सामान्यतया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ ।

## १२.सम्भाव्य जोखिम र न्यूनीकरणका उपाय

उल्लिखित रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछ :

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय वडा कार्यालयहरु र सम्बद्ध सरोकारवालाहरुको प्राथमिकतामा नपर्नु। | आवश्यक कानुन तर्जुमा गरी योजना र मार्गदर्शनबाट प्राथमिकतामा राख्ने। | गाउँपालिका । |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच स्थापित नहुनु । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका । |
| ३. | नीति कार्यान्वयनमा संलग्न वडा कार्यालय तथा सरोकारवालाहरूबीच प्रभावकारी समन्वय नहुनु । | नीति कार्यान्वयन तथा अनुगमन समितिको नियमित बैठक आयोजना गरी आवश्यक समन्वयको व्यवस्था मिलाउने | सम्बन्धित वडा कार्यालयहरु<br>सरोकारवाला निकायहरु<br>गैरसरकारी तथा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र |
| ४. | तथ्यमा आधारित योजना तर्जुमा नहुनु। | योजना तर्जुमा पद्धतिलाई तथ्यमा आधारित बनाउने | गाउँपालिका र वडाकार्यालयहरु |
| ५. | समावेशीकरण प्रवर्द्धन लक्षित कार्यक्रमहरूलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु । | आवश्यक स्रोत आंकलन गरी व्यवस्थापन गर्ने । | गाउँपालिका र वडाकार्यालयहरु |